म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १३९ २०८० चैत २७ गते मंगलबार 9 April 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढैंलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

### नगरप्रमुखको प्राथमिकतामा रहेको गुन्द्रुक उद्योग

# सम्झौता भएको ६ महिनापछि एक लाख रुपैयाँ भुक्तानी



*सहकारीले गुन्द्रुक राखेको ड्रम ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले हेटौँडा-१२, घलेगाउँका महिलाहरुले उत्पादन गरेको गुन्द्रुकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न लागेको बताउनुभएको छ । कञ्चनजंगा कृषि सहकारी संस्था लिमिटेड लघु उद्यमी उद्योगले उत्पादन गरेको गुन्द्रुकको अनुज्ञापत्र उद्यमी महिलालाई हस्तान्तरण गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगरप्रमुख लामाले महिला उद्यमीलाई प्रोत्साहन गर्न, उनीहरुको उत्पादनलाई बजारसम्म पुऱ्याउन उपमहानगरले प्रयास गरिरहेको बताउनुभयो ।

यता उद्यमी महिलाले भने गुन्द्रुक उत्पादनका लागि उपमहानगरपालिकाले एक लाख रुपैयाँ सहयोगसम्बन्धी सम्झौता भएको करिब ६ महिनापछि मात्रै भुक्तानी पाएको बताएका छन् । सहकारीकी अध्यक्ष चिनमाया गुरुङले नगर प्रमुखलाई सीपमुलक तालिम चाहियो भनेर माग गर्न जाँदा गुन्द्रुक उत्पादन गर्न सुझाव दिनुभएको र नगरप्रमुखकै सुझावअनुसार गुन्द्रुक उत्पादन गरिएको जानकारी दिनुभएको छ । "नगरप्रमुखकै सुझावमा हामीले गुन्द्रुक उत्पादन गर्न सुरु गरेका हौं । हामीले उत्पादन गरेको गुन्द्रुकको बजार सुनिश्चित गरिदिन्छौं भनेर नगर प्रमुखले भन्नुभएको थियो," अध्यक्ष गुरुङले भन्नुभयो, "हामीले उत्पादन गरेको गुन्द्रुक नबिकेर एउटा कोठामा थुपारेर राखेका छौं । करिब ३ लाख रुपैयाँ बराबरको गुन्द्रुक विक्री नभएर राखिराखेका छौं ।"

भाडामा लिएको १५ कट्ठा जमिनमा रायोको साग खेती गरेर गुन्द्रुक उत्पादन गरे पनि विक्री नभएको उहाँको गुनासो छ । परम्परागत शैलीमा गुन्द्रुक उत्पादन गरिएको छ । नगरपालिकाले दिने भनेको रकम पनि ढिलो गरी प्राप्त भएको उहाँले बताउनुभयो । "गुन्द्रुक उत्पादनका लागि उपमहानगरले एक लाख रुपैयाँ सहयोग गर्ने भनेर असोजमै सम्झौता भएको हो । कागजी प्रक्रिया नमिलेको भन्दै हामीले २ दिनअघि मात्रै भुक्तानी पाएका छौं । सहकारीमा आवद्ध भएका महिलामध्ये १५ जना महिलाको समूहले करिब ८० हजार रुपैयाँ लागतमा गुन्द्रुक उत्पादन गरेको र हालसम्म एक लाख ५० हजार रुपैयाँ बराबरको गुन्द्रुक विक्री गरेको अध्यक्ष गुरुङले बताउनुभयो ।

रायोको साग उत्पादन हुने मौसम सकिएर अहिले तोरीको सागको गुन्द्रुक बनाउने उद्देश्यले तोरी लगाइएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । यता नगर प्रमुख लामाले राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारमा गुन्द्रुक प्रवर्द्धन गर्ने बताउनुभएको छ । नगरप्रमुखले राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने भन्नुभए पनि त्यसको ढाँचा र सम्भावनाका विषयमा कुनै आधार प्रस्तुत गर्नुभएको छैन । उहाँले हेटौँडाका होटल व्यवसायीलाई गुन्द्रुक किनिदिन आग्रह गर्नुभएको छ । सोमबार बिहान उपमहानगरकै सभाकक्षमा गुन्द्रुक उद्योगले प्राप्त गरेको अनुज्ञापत्र नगरप्रमुख लामाले सहकारीलाई हस्तान्तरण समेत गर्नुभएको छ । अनुज्ञापत्र हस्तान्तरण कार्यक्रममा मकवानपुरका होटल व्यवसायीको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागी होटल एसोसिएसन मकवानपुरका अध्यक्ष दिलिश गोविन्द्र जोशीले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न व्यवसायी सहमत भएको जानकारी दिनुभएको छ । हेटौँडा बजार क्षेत्रमा रहेका होटल व्यवसायीले दिनको २ सय ग्राम मात्रै गुन्द्रुक खपत गरिदियो भने पनि महिनाको १२ सय केजी गुन्द्रुक खपत हुने देखिएको अध्यक्ष जोशीले बताउनुभयो । व्यवसायीको मागअनुसार उत्पादन गर्न भने समस्या हुन सक्ने उहाँको भनाइ छ ।

# सिक्दैछन् शिक्षक



*तालिमको समापनमा प्रतिक्रिया व्यक्त गर्नुहुँदै एक शिक्षक ।*

समाज संवाददाता

हेटौँडाः गत शनिबार ४ नम्बर वडामा रहेका सामुदायिक र निजी दुबै विद्यालयमा प्रारम्भिक बालविकास कक्षाका शिक्षकहरुका लागि श्रमिक माविमा आयोजित तीनदिने शैक्षिक सामग्री निर्माण तथा खेलको माध्यमद्वारा सिकाईसम्बन्धी तीनदिने तालिमको समापन कार्यक्रममा सहभागी अधिकांश शिक्षकको प्रतिक्रिया थियो, "हामीलाई तालिम लिनै पुगेको छैन ।" सहभागी शिक्षक भन्दै थिए, "हामीलाई तीन दिन सिकेको कुरा पर्याप्त भयो भन्ने लागेको छैन । अझ धेरै सिक्नुपर्छ भन्ने लागेको छ ।"

नयाँ शैक्षिक सत्रको तयारीस्वरुप वडा कार्यालयले वडामा रहेका सामुदायिक र निजी दुबै विद्यालयका शिक्षकको सहभागितामा भएको तालिममा सहभागी शिक्षकले तालिम पुगेको छैन भन्ने भनाईले दुईवटा पक्षलाई इंगित गर्दछ । पहिलो निजी र सामुदायिक दुबै विद्यालयमा अध्यापनरत शिक्षकहरु विद्यार्थीलाई सिकाउन आफू पनि धेरै ज्ञान हासिल गर्न प्रेरित छन् । दोस्रो हाम्रा शिक्षकहरु सक्षम छैनन् । उनीहरुलाई अझ धेरै सक्षमताका लागि काम गर्नुपर्ने छ । वडा कार्यालयको प्रयासमा शिक्षकहरुको सक्रिय सहभागिता र आगामी शैक्षिक सत्रका लागि तयारी सराहनीय छ ।

तालिमकी सहजकर्ता जमुना थापाले तालिममा सहभागी शिक्षकहरुको सक्रियता र अनुभव आदानप्रदानले आफूहरुले समेत धेरै कुरा सिक्ने अवसर मिलेको बताउनुभयो । सहभागीको सक्रियताले छोटो अवधिमा पनि धेरै शैक्षिक सामग्री तयार पार्न र शैक्षिक क्रियाकलापको अभ्यास गर्न सफल भएको थापाले स्पष्ट पार्नुभयो । नवोदय शिशु सदनकी शिक्षक दीपा अर्यालले शैक्षिक सामग्रीको प्रयोगको सन्दर्भमा वडाका अन्य विद्यालयमा कमजोर अवस्था रहेको बताउनुभयो । "हामीले धेरै अघिदेखि नै शैक्षिक सामग्रीको प्रयोग गरेर क्रियाकलापमा आधारित शिक्षण अभ्यास गर्दै आएका थियौं । अन्य विद्यालयमा पनि हामीले गरेजस्तै अभ्यास भइरहेको होला भन्ने ठानेका थियौं । तालिममा सहभागी हुँदै गर्दा सबैतिर हामीले गरेको जस्तो अभ्यास विस्तार भइसकेको रहेनछ ।"

ब्रह्मदिक् एकेडेमीकी शिक्षक निर्मला चौलागाईले आफू पहिलो पटक यस किसिमको तालिममा सहभागी भएको उल्लेख गर्नुहुँदै यस किसिमको तालिम जरुरी रहेको बताउनुभयो । चौलागाईले शैक्षिक क्रियाकलाप र शैक्षिक सामग्री निर्माणको विषयमा सिक्न आफूले युट्युवको सहयोग लिने गरेको उल्लेख गर्नुभएको छ । श्रमिक माविकी निला सापकोटाले पहिले सिकेका कुरालाई पनि पुनर्ताजगी गर्ने अवसर मिलेको र सिकेका कुरा कक्षाकोठामा प्रयोग गर्ने बताउनुभयो । रोज एकेडेमीकी शिक्षक अंशु जोशीले एउटै वडाका विद्यालयका शिक्षकहरुबीच परिचित हुने अवसर प्राप्त भएको भन्दै खुसी व्यक्त गर्नुभयो । परिचित भएर आपसमा अनुभव आदानप्रदान गर्न पाउँदा पनि धेरै सिकाई र सहजता भएको जोशीको भनाइ थियो ।

वडा शैक्षिक गुणस्तर सुधार समितिका सचिव रामसागर गुरागाईको अध्यक्षता तथा बागमती प्रदेश सरकारको पूर्वराज्य मन्त्री जुनेली श्रेष्ठको प्रमुख आतिथ्यमा तालिमको समापन समारोह भएको थियो । कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देलको पनि आतिथ्य रहेको थियो । वडाध्यक्ष सिग्देलले वडामा रहेका सबै विद्यालयका शिक्षकहरुको सहभागितामा गठन गरिएको शैक्षिक गुणस्तर सुधार समितिको सक्रियतामा वडाको शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो ।

## एसईई सकियो

**सबै विद्यार्थी साथीहरुलाई बधाई**

**यो साता आराम गर्नुस्**






**अर्को साताका लागि हामी विशेष योजना लिएर आउनेछौं ।**

## अभिभावक वर्गमा मकवानपुरगढी गाउँपालिकाको हार्दिक अपिल

आदरणीय महानुभावहरु,

नमस्कार !

शैक्षिक सत्र २०८१ जेठ मसान्तभित्र मकवानपुरगढी गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको गाउँपालिका घोषणा गर्न लागिरहेको हुँदा विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई अनिवार्य विद्यालयमा भर्ना गरी/गराई संविधान प्रदत्त शिक्षा सम्बन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न र अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम २०८१ घोषणा अभियानलाई सफल पार्न आवश्यक सहयोग पुऱ्याउन/सहभागिता जनाउन जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, कलाकार, सामाजिक अभियन्ता, अभिभावक, प्राध्यापक, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी, बुद्धिजीवी, शिक्षाविद्, नागरिक समाज, सरकारी तथा गैरसरकारी संघसंस्था, सञ्चारकर्मी, पेसागत संघसंगठन लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक अपिल गर्दछौं ।

- तपाईंको घरपरिवार /गाउँ /टोल/छरछिमेक/वडाका विद्यालय उमेर समूहका के सबै बालबालिकाहरु विद्यालय भर्ना भएका छन् ?
- विद्यालय उमेर समूहका बालबालिकाहरुलेकतै बीचैमा पढाइछाडेका त छैनन् ?
- विद्यालय उमेर समूहका बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउने कर्तव्यलाई कतै भुल्नु भएको त छैन ?
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ बमोजिम बालबालिकालाई अनिवार्य विद्यालयमा भर्ना गराउनु पर्ने बाध्यकारी व्यवस्थाबारे जानकार हुनुहुन्छ ?

**विशेष ध्यानाकर्षण**:

- विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधा प्राप्त गर्नबाट वञ्चित गर्न सकिने,
- प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि वि.सं. २०८५ साल वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको कुनै अवसर प्राप्त गर्न योग्य हुने छैनः-

क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन् वा कुनै रोजगारी प्राप्त गर्न,

ख) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक सेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन्,

समयमै सबै सचेत बनौं, समयमै अभिभावकत्व ग्रहण गरौं, सबैले आ-आफ्नो दायित्व बहनगरौं, समयमै आफ्ना बालबालिकालाई नजिकैको विद्यालयमा भर्ना गराऔं साथै अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम, २०८१ अभियानलाई पूर्णरुपमा कार्यान्वयन गरौं र सफल पारौं ।

**मकवानपुरगढी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**मक्रान्चुली, मकवानपुर**

# सम्पादकीय

## विद्यालयका उपलब्धी र योजना

नयाँ वर्ष २०८१ संघारमा आइपुगेको छ । अबको ५ दिनमा नयाँ वर्ष सुरु हुन्छ । केही हिमाली जिल्लाबाहेक देशभर नयाँ वर्षबाट विद्यालय तहमा नयाँ शैक्षिक सत्र सुरु हुन्छ । चालु शैक्षिक सत्रको अन्ततिर पुगेका विद्यालयहरुले अहिले वार्षिक परीक्षाको नतिजा सार्वजनिक गरिरहेका छन् । सँगै शैक्षिक सत्र २०८१ को कार्ययोजना निर्माण र नयाँ विद्यार्थी भर्नाको विषयमा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु तयारी गरिरहेका छन् । सरकारले पनि वैशाख पहिलो साता विद्यालय भर्ना र स्वागत कार्यक्रम सञ्चालन गर्ने, दोस्रो साता घरदैलो गरेर विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउन निर्देशन दिएको छ । देशमा सामुदायिक र संस्थागत दुई प्रकारका विद्यालय शिक्षा विद्यमान छन् । अंग्रेजी माध्यममा पठनपाठन हुने संस्थागत विद्यालय र नेपाली माध्यममा पठनपाठन हुने सामुदायिक विद्यालयबीच असमानता कायम रहेका कारण पछिल्लो समय सामुदायिक विद्यालयले पनि संस्थागत विद्यालयसँग प्रतिस्पर्धा गर्न आफ्नो योजना केन्द्रित गर्ने गरेका छन् ।

प्रत्येक वर्ष बैशाखबाट सुरु हुने नयाँ शैक्षिक सत्रको प्रारम्भमा विद्यार्थी भर्ना अभियानसँगै सामुदायिक विद्यालय सुधारका विषयमा बहस हुने गरेका छन् । सामुदायिक विद्यालयको शैक्षिक अवस्था कमजोर बन्दै गएको र विद्यार्थी संख्या घट्दै गएकोमा विभिन्न क्षेत्रले चिन्ता र चासो व्यक्त गर्नु स्वभाविक पनि हो । तर, सामुदायिक विद्यालयको शैक्षिक सुधारमा प्रभावकारी ठोस योजना र कार्यक्रम भने बिरलै आउने गरेको छ । विद्यार्थी कम हुँदै गएका कतिपय सामुदायिक विद्यालयहरुले संस्थागत विद्यालयसँग प्रतिस्पर्धा गर्न अंग्रेजी माध्यमबाट पठनपाठनलाई प्रमुख आधार बनाएका छन् । यसले केही हदसम्म सामुदायिक विद्यालयमा विद्यार्थी तथा अभिभावकको आकर्षण बढाए पनि विद्यालयको समग्र शैक्षिक अवस्थामा सुधार नहुँदासम्म सामुदायिक विद्यालयप्रति आम अभिभावक र विद्यार्थीको विश्वास कायम राख्न नसकिनेतर्फ सम्बद्ध पक्षहरु गम्भीर बन्नैपर्छ ।

नेपालको वर्तमान संविधानले माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । कक्षा १२ सम्मको विद्यालयको व्यवस्थापन र शैक्षिक सुधारको जिम्मा गाउँ तथा नगरपालिकालाई दिइएको हो । तर, अधिकांश स्थानीय तहका नेतृत्व र शिक्षा प्रशासन आफ्नो क्षेत्रका विद्यालयको प्रभावकारी व्यवस्थापनप्रति उदासिन बनिरहेका छन् । नयाँ शैक्षिक सत्रको सुरुवातको समयमा स्थानीय तहले आफ्नो क्षेत्रका विद्यालय र शैक्षिक सुधारका लागि सामान्य छलफल र अन्तरक्रियासमेत गर्न सकिरहेका छैनन् । मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पछिल्लो समयमा विद्यालय शिक्षा सुधारका लागि केही प्रयत्न गरेको भए पनि जिल्लाका अन्य पालिका मौनजस्तै छन् । बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकाले समेत चालु शैक्षिक सत्रको समीक्षा गर्दै नयाँ शैक्षिक सत्रका लागि विद्यालयको योजनासम्बन्धमा कुनै चासो देखाएको छैन । बरु शिक्षाका लागि राष्ट्रिय अभियानले उपमहानगरभित्रका १२ वटा विद्यालयका उपलब्धी र योजनाबारे प्रधानाध्यापकबाट प्रस्तुतिकरण गराएको छ ।

जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय परीक्षा बोर्ड, हेटौंडा उपमहानगरपालिका तथा विभिन्न कलेजका प्रमुख र प्रतिनिधिको उपस्थितिमा विद्यालयका उपलब्धी, सिकाई र आगामी शैक्षिक सत्रको योजनाबारे प्रस्तुतिकरण गरिएको हो । हरेक स्थानीय तहले प्रत्येक वर्ष कम्तिमा यस्तो कार्यक्रम गरेर सामुदायिक विद्यालयको योजना माग गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहजीकरण र अनुगमन गर्ने हो सार्वजनिक शिक्षाको सुधारमा पक्कै सहयोग पुग्नेछ । विद्यालय शिक्षाको सम्पूर्ण दायित्व स्थानीय तहमा हस्तान्तरण भएको अवस्थामा स्थानीय तहहरुले सबै विद्यार्थीले समान र गुणस्तरीय शिक्षा पाउने अधिकार सुनिश्चित गर्नुपर्छ । नयाँ शैक्षिक सत्रको सुरुवातबाटै सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रका सामुदायिक तथा निजी विद्यालयका लागि प्रभावकारी योजनासहित काम गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२९५५५

| | |
|---|---|
| मेष | : भेटघाट र पारिवारिक मिलन हुने समय छ । |
| वृष | : व्यवस्थापकीय क्षमताको उपयोग हुने समय छ । |
| मिथुन | : सामाजिक र धार्मिक काममा दौडधूप होला । |
| कर्कट | : कल्पना र भावनामा रमाइने योग छ । |
| सिंह | : आत्मीय मित्रको स्वास्थ्यमा समस्या आउँला । |
| कन्या | : अध्ययन-अध्यापनको काम मध्यमकारक छ । |
| तुला | : शिक्षा-दीक्षाका काममा प्रसिद्धि प्राप्त होला । |
| वृश्चिक | : पढाई- लेखाईमा त्यति मन नजाला । |
| धनु | : मर्यादा र मानप्रति सचेतता अपनाउनुपर्ला । |
| मकर | : बौद्धिक र ज्ञाननिष्ठ क्षेत्रमा सरिक भइने छ । |
| कुम्भ | : धार्मिक तथा समाज सेवाका काममा सरिक । |
| मीन | : व्यापार- व्यवसाय मध्यमकारक नै रहला । |

# संकटमा सहकारी : थलिएको अर्थतन्त्र



विश्वनाथ खरेल




साझा उद्देश्य प्राप्तिका लागि सँगसँगै काम गर्नु सहकार्य हो । यही सहकार्य र समन्वयको परिवर्तित स्वरूप नै आजका सहकारी हुन् । नेपाली समाजमा परम्परागत रूपमा मुस्ताङका थकाली जातिमा रहेको ढिकुर, काठमाडौँ उपत्यकाका नेवारको गुठी, मगरको भेजा, पर्म, पैँचो, धर्मभकारीजस्ता प्रचलित विभिन्न सामाजिक प्रथा वा कार्य सहकारी शब्दका पर्यायवाची हुन् । यस्तै-यस्तै अनौपचारिक संगठनको विस्तृत रूपबाट नै समन्वय र सहकार्य हुँदै औपचारिक सहकारी संस्था स्थापनाको आधार बन्यो ।

यसका साथसाथै संविधानले तीनखम्बे अर्थनीतिको अवधारणाअनुसार अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा ओगटेको सहकारी क्षेत्र अनियमितता, खराब ऋण प्रवाह र आन्तरिक भ्रष्टाचारले जनविश्वास गुमाउने चरणमा पुगेको छ । हाल देशभरि १५ हजारभन्दा बढी सहकारी संस्था उत्पादन, रोजगारी सिर्जना र अर्थोपार्जनसँग जोडिए पनि अर्बौं रकम वित्तीय कारोबार गर्ने सीमित सहकारीमा भएकाले आर्थिक अपचलनले सिंगो सहकारी क्षेत्रमाथि अविश्वास उत्पन्न भएको हो, जुन सहकारी क्षेत्रका अगुवाहरूका अनुसार चालु आर्थिक वर्ष २०८०-८१ सम्ममा पाँच सयभन्दा बढी सहकारी डुब्ने अवस्थामा पुगेका छन् । जसरी संविधानले सरकारी, निजी र सहकारी क्षेत्रको अवधारणामा अर्थतन्त्रको विकास गर्ने भने पनि सहकारी क्षेत्रमाथि पछिल्ला वर्षमा मात्रै ठूलो अविश्वास सिर्जना भएको सरोकारवालाले बताएका छन् ।

विश्वको इतिहास हेर्ने हो भने सहकारीको जन्म बेलायतको रोचडेल अग्रदूतका २८ जनाको एउटा समूहबाट सन् १८४४ को अक्टोबर २४ का दिन भएको देखिन्छ । सो ऐनअन्तर्गत रोचडेल सामूहिक अग्रदूत समिति नै विश्वको प्रथम सहकारी संस्था हो । यसरी बेलायतमा जन्मी जर्मनीमा पुगेर 'सबैका लागि सबै' भन्ने सिद्धान्तको विकास हुँदै डेनमार्क, जापान, चीन, ब्राजिल भएर भारतमा कृषि सहकारीको विकासअन्तर्गत हुँदै वि.सं. २०१० मा तत्कालीन योजना, विकास तथा कृषि मन्त्रालयअन्तर्गत सहकारी विभागको स्थापना भयो ।

फलतः तत्कालीन सरकारको कार्यकारी आदेशमा सर्वप्रथम चितवन जिल्लामा वि.सं. २०१३ चैत २० गते नेपालमा पहिलो सहकारी संस्थाको रूपमा प्रवेश गरेको बखान सहकारी संस्थाको स्थापना भयो । त्यसरी नै दक्षिण एसियाली मुलुकहरू नेपाल, बंगलादेश, भारत र पाकिस्तानसम्ममा यस प्रकारका सहकारी सेवाहरू धेरै छन् । सहकारीको सहज कर्जामार्फत महिलाहरूले सापट पाउने हुँदा महिला उत्थान अनि सशक्तीकरणका लागि पनि सहकारी एउटा अद्भुत अस्त्र साबित भएको छ । देशमा सहकारी प्रणालीलाई संस्थागत गर्ने क्रममा सहकारी संस्था ऐन- २०१६, सहकारी नियमहरू- २०१८, साझा संस्था ऐन-२०४१, साझा संस्था नियमावली-२०४३, सहकारी ऐन-२०४८ र सहकारी नियमावली-२०४९ बमोजिम सहकारी विभागले सहकारी संघ-संस्थाहरूको दर्ता, नियमन तथा प्रवर्द्धनलगायतका कार्य गर्दै आएको छ ।

देशको कुरा गर्ने हो भने वि.सं. २०१० मा तत्कालीन योजना, विकास तथा कृषि मन्त्रालयअन्तर्गत सहकारी विभागको स्थापना भयो । वि.सं. २०१३ मा सर्वप्रथम चितवन जिल्लामा सहकारी संस्थाको स्थापना भएपश्चात् हालसम्म देशमा दर्ता भएका ३२ हजार सहकारी संस्थाहरू रहेको अनुमान छ । यसमा पनि विभिन्न सहकारी संस्था खारेज भइसकेका छन् भने हाल ५ सय सहकारी संस्था खारेजीको सूचीमा रहेका छन् ।

सामान्यतः सहकारीले कृषक, श्रमिक, कालिगड, न्यून आय भएका तथा छरिएर रहेका समूहको पुँजी एकीकृत गरेर उनीहरूकै आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु भन्ने मान्यता राख्छ । थोरै आम्दानी भएका धेरै सदस्य मिलेर साथसाथ काम गरिने भएकाले नै यसको नाम सहकारी राखिएको हो । तर, पछिल्लो समय यो क्षेत्रमा सीमित व्यक्तिको हालीमुहाली बढेको छ । यसरी मुलुकमा सहकारीको संख्या घटे पनि सहकारीमा लाग्ने मानिसको संख्या थपिएको छ ।

केही समययता राष्ट्रभरका करिब ५ सय सहकारीमा भएको अनियमितता, खराब ऋण प्रवाह र आन्तरिक भ्रष्टाचार ले सेयर सदस्य तथा निक्षेपकर्ताहरूको विश्वास गुमाउँदा सम्पूर्ण सहकारी संस्थाप्रति नै शंका उत्पन्न हुन पुगेको छ । वस्तुतः यतिबेला मुलुकमा १५ हजार भन्दा बढी सहकारी संस्थाले उत्पादन, रोजगारी सिर्जना र अर्थोपार्जनसँग जोडिए अर्बौं रकमको कारोबार गर्दै आएका छन् । यीमध्येकै केही सहकारीमा भएको आर्थिक अपचलनले सिंगो सहकारी क्षेत्रप्रति नै अविश्वास पैदा गर्ने वातावरण सिर्जना हुन लाग्नु राज्यको नीतिअनुसारको कार्य व्यवस्थापन हुन नसकेको सहकारीविज्ञहरूले औँल्याउँदै आएका छन् । केही सहकारी संस्थाका सञ्चालकहरु मोटो रकम कुम्ल्याएर फरार हुन थालेपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' ले सहकारी क्षेत्रमा देखिएको विकृति नियन्त्रणका लागि प्रतिवेदन तयार गरेर मन्त्रालयलाई बुझाइसकेको छ ।

समग्रमा भन्नुपर्दा सहकारीमा घट्दै गएको विश्वास बहुआयामिक समस्या हो, जसमा तत्काल ध्यान दिनु आवश्यक छ । यसमा पनि नियामक ढाँचा सुदृढ गर्नु, पारदर्शिता प्रवर्द्धन गर्नु र जवाफदेहिता सुनिश्चित गर्नु आवश्यक कदमहरू हुन् । देशको अर्थतन्त्रमा सहकारीले महत्वपूर्ण भूमिका खेल्छ र जनताको विश्वास पुनर्स्थापना उनीहरूको दिगोपनका लागि महत्वपूर्ण छ । संक्षेपमा, नेपालको सहकारी संकटले निक्षेपकर्ता र सदस्यहरूको हितको रक्षा र विश्वास पुनर्स्थापित गर्न नीति निर्माता, नियामक र नागरिकहरूबाट सामूहिक प्रयासको माग गर्छ । यसमा राज्यका तर्फबाट वि.सं. २०१० मा योजना तथा विकास मन्त्रालयअन्तर्गत सहकारी विभाग गठन भएपछि वि.सं. २०१३ चैत २० गते चितवनमा बखान सहकारी संस्था स्थापना हुन गयो, जुन नेपालको पहिलो सहकारी संस्था हो र चैत २० गतेलाई राष्ट्रिय सहकारी दिवसका रूपमा मनाउने गरिन्छ ।

वि.सं. २०४८ सम्म ८ सय ३० वटा सहकारी रहेकामा हाल करिब ३२ हजार पुगेका छन् र ७३ लाखभन्दा बढी व्यक्ति आबद्ध छन् । यो ३२ हजारमध्ये प्रदेशमा १९ र स्थानीय तहमा ८० प्रतिशत सहकारी दर्ता भएका छन् । यसमा ७४ लाख नागरिक सहकारीमा आबद्ध रहेको र ४१ लाखभन्दा बढी महिला सहकारीमा सम्बद्ध रहेको अनुमान गरिएको छ । सबै सहकारीले बदनियतले काम गरेका छैनन् । उद्देश्य खराब भएका सहकारीलाई निर्मम कारबाही गर्नुपर्छ । यी सबै तहबाट बचत फिर्ता पाउँछन् भन्ने विश्वास र प्रत्याभूति गर्नुपर्छ । करिब ५ खर्ब पुँजी परिचालित रहेको यस क्षेत्रमा ९३ हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । विसं २०७९ को आर्थिक सर्वेक्षणअनुसार कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको ५ प्रतिशत र वित्तीय क्षेत्रमा १७ प्रतिशत योगदान छ । महिला सहभागिता करिब ५० प्रतिशत रहेको छ । *(स्रोतः कारोबारदैनिक)*

# किन बिदेसिन्छन् नेपाली ?



शैलेश सिंह

'पापा हजुर किन विदेश नगएको ? ठूलो भएपछि म त यहाँ बस्दिनँ है ।' कक्षा २ मा पढ्ने मेरो छोराले एक्कासि यस्तो भन्दा म अवाक् भएँ । उमेरले ऊ आठ वर्ष पुग्दै छ । विदेश किन नगएको भन्ने बालसुलभ प्रश्न भन्दा पनि भविष्यमा विदेश जानैपर्छ भन्ने उसको बालमस्तिष्कमा उब्जेको सोचले मलाई नराम्रोसँग झस्कायो ।

जुन विचार मेरो सानो छोरामा आएको छ; यसले नेपालमै केही गरेर देखाउनुपर्छ, सन्तानको भविष्य नेपालमै खोज्नुपर्छ भनेर यौवन खर्चिरहेका मजस्ता हजारौं बाबुलाई ठूलै झट्का दिन्छ । छोराको कुराले म निरुत्तर भएँ नै, आफ्नो स्कूले जीवन सम्झन समेत पुगेँ । कक्षा ८-१० मा पढ्दा कसैले के बन्ने भनेर सोध्दा हामी विद्यार्थीको उत्तर हुन्थ्यो– डाक्टर, पाइलट, इन्जिनियर आदि ।

तर कसैलाई थाहा थिएन– डाक्टर, पाइलट र इन्जिनियर कस्ता पेसा हुन्; पढ्न कहाँ जानुपर्छ र पढेपछिको भविष्य के हुने हो ?

पढेर आफ्नो सन्तान ठूलो मान्छे भएको हेर्न हरेक अभिभावकले चाहन्थे उतिबेला, तर विदेश जाने कुरा गर्ने अभिभावक वा बालबालिका त्यति पाइँदैनथ्यो । आज विद्यार्थी तथा अभिभावकको चाहना, आवश्यकता, प्राथमिकता बदलिएको छ । समाजको पहिलो प्राथमिकता विदेश भएको छ । सायद मेरो छोरो पनि अहिलेको समाज बुझ्ने भइसकेछ कि ! म निकै घोत्लिएँ ।

'मेरो देश प्राणभन्दा प्यारो छ' भन्दै राष्ट्र, राष्ट्रियता, भाषा र स्वाभिमानको चर्को वकालत गर्दै आफ्नो जीवनको ऊर्जावान् समय खर्चेकाहरू पनि डीभी भर्न पहिलो पङ्क्तिमा उभिएको मैले देखेको छु ।

नागरिकता र जन्मभूमि अनि देशप्रतिको दायित्वसँग सम्बन्धविच्छेद गर्न पाएकामा खुसी बाँड्न आयोजना गरिएका फेयरवेल पार्टीमा सहभागी हुँदै बधाई साटेकाहरूलाई पनि देखेको छु ।

देश छाड्दै गर्दा एयरपोर्टमा खादा र माला लगाएको तस्बिर राखेर सामाजिक सञ्जालमा खुसियाली मनाउनु त फेसनजस्तै भएको छ । अचेल स्वाभाविक आकस्मिकता जस्ता लाग्ने यी अवस्था पछाडिका कारण के होलान् ? म फेरि घोत्लिएँ ।

तिमीहरुका लागि राज्य छ, विधिको शासन छ भनी जनतालाई आश्वस्त पार्न राज्यका उच्च पदस्थ वा नेताहरुले सकिरहेका छैनन् । यहाँ पहुँच वा चिनजान भए जे पनि हुन्छ, अन्यथा केही गर्न सकिँदैन भन्ने सामूहिक मानसिकता संस्थागत भइसकेको छ । राज्य छ भन्ने विश्वास जनतामा नहुनु नै पलायनको मुख्य कारणमध्ये एक रहेको छ ।

विभिन्न सङ्गीन मुद्दामा सजाय पाएकाले आममाफी पाउनु, विश्वविद्यालयदेखि अदालतसम्म र राजनीतिक नियुक्ति हुनु, पैसा र पहुँचको भरमा अपराधबाट उन्मुक्ति पाउनु, र योग्यभन्दा पनि हाम्रोले उच्च प्राथमिकता पाउनुजस्ता कुराले देशमा भएको कानुनी राज्यको धज्जी उडाइरहेको छ ।

नेपालमा केही अवसर छैन, अब विदेश गइन्छ, देश टाट पल्टिइसक्यो भनेको सुन्नु अहिले सामान्यजस्तै भएको छ । नेपालमा गर्न सके अवसरै अवसर छन् भनेर सरकारले युवालाई विश्वास दिलाउन सकेको छैन । नेपालमा रहेका पाँच हजार भन्दा बढी वैदेशिक परामर्श संस्थाहरुले वैदेशिक अध्ययनमा विदेश पठाउनका लागि हरेक वर्ष वार्षिक अर्बौं खर्च गरिरहेका छन् तर नेपालमा अवसरै अवसर छन् भनी जानकारी दिने सरकारी सूचना केन्द्र खै ? के हरेक वडा कार्यालयदेखि पालिका स्तरसम्म यस्ता सूचना केन्द्र राख्नु र ज्यको दायित्वमा पर्दैन र ? यहाँ बुझ्नुपर्ने कुरा के छ भने गलत सूचना र देखासिखीका कारण पनि धेरै जनशक्ति बिदेसिन बाध्य छ ।

अहिलेको समाजमा खासगरी नेपालजस्तो विकासोन्मुख देशमा दिन प्रतिदिन एउटा भाष्यले गहिरो स्थान लिइरहेको छ, त्यो भाष्य हो– पैसा कमाउनु नै सफल हुनु हो ।

सफलता के हो भन्ने कुरा व्यक्ति, परिस्थिति र समाजअनुरूप फरक-फरक हिसाबले बहसको विषय बन्न सक्छ तर हामीजस्तो रीतिरिवाज, संस्कार र परम्परा भएको देशमा पैसा मात्र सबैथोक होइन; नैतिकता, धर्म तथा राष्ट्रियता आदिको महत्वपूर्ण स्थान हुन्छ । सफल हुनका लागि आर्थिक प्रगतिका साथै यी सबै कुरा अपरिहार्य हुनुपर्छ । व्यक्ति र राष्ट्र दुवै सँगसँगै सफल हुन हरेक नागरिकले राज्यको नीति तथा सिद्धान्तलाई अङ्गीकार गर्नुपर्छ भनेर नेतृत्व वर्गले बुझाउन नसक्नु आजको दुखान्त हो ।

सरकारको अनावश्यक नियन्त्रण पनि आजको वैदेशिक पलायनको अर्को कारण हो । नियम, कानुन र विधिको शासनको प्रत्याभूति दिलाउनु सबै देशका सरकारको काम हो तर पुँजी निर्माणमा निजी क्षेत्रको भूमिका ठूलो हुन्छ ।

पुँजी निर्माण गर्ने क्षेत्रलाई नियमन तथा सहयोग गर्ने काम सरकारले गर्ने हो; नेपालको हकमा करिब ८१ प्रतिशत अर्थतन्त्र निजी क्षेत्रले धानेको भए पनि सरकारबाट निजी क्षेत्रलाई आफ्नो अभिन्न अङ्गका रूपमा नहेरी सौतेनी व्यवहार गर्दै व्यवसाय दर्ता, नवीकरण तथा विभिन्न करको बहानामा अनावश्यक दुःख दिने काम भइरहेको पाइन्छ । जसका कारण

....बाँकी पृष्ठ ३ मा

# शिक्षकका लागि पाठ्यक्रम निर्माणसम्बन्धी कार्यशाला



*कार्यशालामा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१४ स्थित आदर्श शिक्षा निकेतनले आफ्ना शिक्षकका लागि पाठ्यक्रम निर्माण तथा वार्षिक योजनासम्बन्धी कार्यशालाको आयोजना गरेको छ। सोमबार सुरु भएको कार्यशाला तीन दिनसम्म सञ्चालन हुनेछ। कार्यशालामा १४ जना शिक्षक सहभागी छन् । नयाँ शैक्षिकसत्र सुरु हुनुअघि शिक्षकहरुको क्षमता विकास गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरेको प्रिन्सीपल दुर्गाप्रसाद भट्टराईले जानकारी दिनुभएको छ ।

कार्यशालामा जमुना थापा र गंगा थापाले सहजीकरण गर्नुहुनेछ। कार्यशालामा सहभागी शिक्षकलाई वार्षिक पाठयोजना तयार पार्न, पाठ्यक्रमको विषयमा बुझ्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । बालविकास कक्षासम्बन्धमा प्रशिक्षकको रुपमा कार्यरत जमुना थापा र गंगा थापासँग आदर्श शिक्षा निकेतनले वार्षिक सम्झौता नै गरेर सहकार्यको प्रयास गरेको पनि प्रिन्सीपल भट्टराईले जानकारी दिनुभएको छ । अहिले सामुदायिक तथा निजी अधिकांश विद्यालयले नयाँ शैक्षिक सत्रको तयारीस्वरुप शिक्षकको क्षमता विकासका लागि कार्यशाला तथा प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

आदर्श शिक्षा निकेतनलाई प्रिन्सीपल भट्टराईले गत माघ महिनादेखि मात्रै जिम्मेवारी लिनुभएको हो । ५ कक्षासम्म पठनपाठन हुने विद्यालयमा शैक्षिक सत्र २०८० को वार्षिक परीक्षामा १ सय २७ जना विद्यार्थी सहभागी थिए । सरस्वती पुजाको अवसरमा नर्सरी कक्षामा ४२ जना नयाँ विद्यार्थी भर्ना गर्न सफल भएको प्रिन्सीपल भट्टराईको भनाइ छ ।

# प्रदेशस्तरीय जुनियर तथा युवा रेडक्रस शिविर सम्पन्न



समाज संवाददाता

हेटौंडाः नेपाल रेडक्रस सोसाइटी बागमती प्रदेशको आयोजनामा हेटौंडामा ५ औं जुनियर तथा युवा रेडक्रस शिविर भएको छ। सोमबार हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको सभाहलमा भएको शिविर कार्यक्रमको उद्घाटन बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले गर्नुभएको हो ।

नेपाल रेडक्रस सोसाइटी बागमती प्रदेशका युवा स्वयम्सेवक वामदेव गौतमले सोसाइटीले गत आर्थिक वर्ष २०७९/०८० सम्म २ लाख ८१ हजार ३ सय १६ युनिट रगत संकलन गरेको बताउनुभएको छ । उहाँले दुर्घटनामा परेर धेरै रगत बगेको, शल्यक्रियाको अवस्थामा आवश्यक परेको, विभिन्न प्रकारका क्यान्सर रोगहरु लागेको, हेमोफिलिया, एनेमिया, थेलेमिया, नवजात शिशुमा रगतसम्बन्धी र पोलियोको बिरामीहरुलाई रगतको आवश्यकता पर्नसक्ने बताउनुभयो ।

उहाँले रक्तदान गर्नका लागि व्यक्तिको न्यूनतम उमेर १८ वर्षदेखि ६५ वर्षसम्म हुनुपर्ने बताउनुभएको छ। शरीरको न्यूनतम तौल ४५ किलोग्राम, हेमोग्लोबिन न्यूनतम १२ ग्राम प्रतिशत, रक्तचापको अवस्था सामान्य र कुनै पनि रोग नलागेको हुनुपर्ने गौतमले बताउनुभयो। महिनावारी भएको ८ दिनसम्म महिलाले रक्तदान गर्न नहुने उहाँले बताउनुभयो । विभिन्न प्रकारका दीर्घ रोगहरु लागेको र क्यान्सर, मुटुरोग, असामान्य रक्तश्राबको अवस्थामा रक्तदान गर्न नमिल्ने उहाँले बताउनुभयो ।

कार्यक्रम गर्नुअघि हेटौंडा बजार क्षेत्रमा र्‍याली पनि आयोजना गरिएको थियो। कार्यक्रममा प्रदेशको १३ जिल्लाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उद्घाटन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बागमती प्रदेश अध्यक्ष भोलानाथ रुपाखेतीको सभाध्यक्ष रहेको थियो । उद्घाटन कार्यक्रममा प्रदेशका स्वास्थ्य मन्त्रालयका खगेश्वर गेलाल, रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य हरिप्रसाद शर्मा, सोसाइटीका जिल्ला शाखा सभापति लालबहादुर थापा र युवा रेडक्रस सर्कल वनविज्ञान क्याम्पसकी अध्यक्ष कृतिका लौडारीलगायतको उपस्थिति रहेको थियो ।

# *किन बिदेसिन्छन्...*

विद्यार्थी, श्रमिक, लगानीकर्ता तथा बौद्धिक व्यक्तित्व पलायन भइरहेका छन् । व्यवसाय दर्ता गर्नै महिनौं लाग्ने; विभिन्न विभाग तथा निकायमा सोर्सफोर्स लगाउनुपर्ने; व्यवसाय सञ्चालन गर्दा विभिन्न किसिमका राजनीतिक, आर्थिक तथा अनावश्यक कानुनी झमेलाजस्ता समस्यासँग जुध्नुपर्ने बाध्यात्मक अवस्था हामीकहाँ छ । यो अवस्थालाई हामीले समयमै निराकरण गरेर युवालाई स्वदेशमै बस्ने वातावरणको सुनिश्चितता गर्न सकेनौं भने युवा तथा बौद्धिक व्यक्तिविहीन देश हुनेछ ।

१० खर्बभन्दा बढी रेमिटान्स भित्र्याउने देशका लागि वैदेशिक यात्रा सामान्य तथा अपरिहार्यजस्तो लाग्न सक्छ। यहाँ राज्यको हरेक निकायले सोच्नुपर्ने बेला भइसकेको छ कि हाम्रो यो रेमिटान्स दीर्घकालीन हो कि अल्पकालीन ? यसका लागि हामीले पहिला यो बुझ्न जरुरी छ, हाम्रो देशबाट उच्च तथा मध्यम वर्ग र निम्न वर्ग गरी दुई किसिमका व्यक्ति बिदेसिइरहेको अवस्था छ ।

निम्न वर्गका व्यक्ति भारत, खाडी, कोरिया तथा अन्य देश गइरहेका हुन्छन् । जसको वैदेशिक यात्राको उद्देश्य भनेकै श्रम गरी कमाएको पैसा नेपाल पठाएर जीविकोपार्जन गर्ने हो, रेमिटान्स भित्र्याउन अहं भूमिका यिनैको हुन्छ । साउदी अरेबिया, मलेसिया, कतार र भारतबाटै देशमा बढी मात्रामा रेमिटान्स भित्रिरहेको छ । यी चार देशबाट मात्र कुल रेमिटान्सको ५० प्रतिशतभन्दा बढी रेमिटान्स आउने गरेको छ । यस्ता देशबाट सीप सिकेर फर्केका व्यक्तिले इलम गर्न खोज्दा राज्यले पर्याप्त सहयोग गरेको पाइँदैन ।

उच्च तथा मध्यम वर्गका व्यक्तिहरू सम्पन्न तथा शक्तिशाली देश (जस्तै : अमेरिका, क्यानडा, अस्ट्रेलिया, युरोपियन देश आदि)तर्फ गइरहेका छन् । यस्ता देशमा जाने व्यक्तिको उद्देश्य प्रायः समान रहन्छ– केही वर्षको अध्ययन तथा कामपछि त्यतै व्यवस्थित तरिकाले सेटल हुने । यस्ता देशमा गएका व्यक्तिहरू बिरलै मात्र देश फर्केको देख्न र सुन्न पाइन्छ। श्रमका लागि जाने देशमा भन्दा यस्ता देशमा जाने व्यक्तिको आय बढी भए पनि त्यता आर्जन गरेको आयलाई त्यतै जम्मा गरी त्यतै स्थापित भइरहेका हुन्छन्। कतिपयले नेपालको आफ्नो पुर्ख्यौली सम्पत्ति समेत बेचेर पलायन भइरहेको पाइन्छ। पछिल्लो समय पुँजी पलायनको एक मुख्य कारणमध्ये यो पनि एक हो । यस्ता व्यक्तिलाई राज्यले समयमै पहिचान गरी समय सुहाउँदो नीति अङ्गीकार गरी मानवीय र आर्थिक पलायन रोक्न नसके देश ठुलो सङ्कटमा पर्ने देखिन्छ ।

देशले बौद्धिक पलायन रोकेन वा फिर्ता बोलाउन उपयुक्त नीति अङ्गीकार गरेन र नेपालमै गरिखाने किसिमको वातावरण बनाएन भने नेपालबाट युवा, बौद्धिक पलायन मात्र नभएर एक स्वाभिमान राष्ट्रको अस्तित्व समेत पलायन हुनेछ ।

स्टाचु अफ लिबर्टी, ओपेरा हाउस र लन्डन ब्रिजसँगै खिचिएको फोटोले मात्र विदेशमा रहेका व्यक्तिको सुख, समृद्धि तथा सफलताको कहानी बताउँदैन । त्यो फोटोमा केवल मुस्कान झल्किएको हुन्छ, नेपालमा बस्नेले त्यही अनुहार देखेको हुन्छ। यस्ता तस्बिर पछाडिको पीडा नदेखेर पनि थुप्रै व्यक्ति बिदेसिइरहेको पाइन्छ । रिल जीवन र रियल जीवनबिचको यथार्थ जानकारी गराउने प्रभावकारी सरकारी संयन्त्र पनि हामीकहाँ अपरिहार्य देखिन्छ ।

वास्तवमा विदेश गएर यस्ता तस्बिर पोस्ट गरिरहेकाहरु पनि उपयुक्त वातावरण पाए स्वदेश फर्किन खुट्टा उचालेर बसेका छन्। मेरो छोराजस्तै आजका बालबालिकाको मस्तिष्कमा देशमै केही गर्छु भन्ने सोच र सपना ल्याउन राज्यले प्रभावकारी कार्यक्रम ल्याउनैपर्छ । *(स्रोतः रातोपाटी)*




# आधारभूत सहकारी लेखापाल तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेडको आयोजना तथा बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गतको प्रदेश सहकारी विकास बोर्डको आर्थिक सहयोगमा हेटौंडामा आयोजना भएको आधारभूत सहकारी लेखापाल तालिम सम्पन्न भएको छ । सोमबार संघका अध्यक्ष रामहरी न्यौपानेको सभाध्यक्ष तथा प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यमा तालिम सम्पन्न भएको हो ।

तालिम समापन कार्यक्रममा बोल्नुहुँदै संघका अध्यक्ष न्यौपानेले हरेक सहकारीको लेखा व्यवस्थित भए मात्र सहकारी राम्रोसँग चल्न सक्ने बताउनुभयो । पछिल्लो समय केही सहकारीहरुले लेखा व्यवस्थित नगर्दा विभिन्न समस्या उत्पन्न भएर सहकारी डुबेको उहाँले बताउनुभयो । उहाँले तालिममा सिकेका सिकाइहरु आ-आफ्नो सहकारीमा गएर कार्यान्वयन गर्न आग्रह गर्नुभयो । यसले सहकारी सुदृढीकरणमा सहयोग पुग्ने उहाँको भनाई छ ।

बुधवारबाट सुरु भएको तालिममा जिल्लाभित्र बहुउद्देश्यीय, बचत तथा ऋण र कृषि सहकारीका २० जनाको सहभागिता रहेको थियो। तालिममा प्रशिक्षकको रुपमा रामेश्वर अर्याल, सीताराम दाहाल, नवराज खनाल र गोविन्द दाहाल रहनुभएको थियो । तालिम समापन कार्यक्रममा हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, मकवानपुर जिल्ला दुग्ध सहकारी संघका अध्यक्ष हरी कँडेल र बागमती प्रदेश बचत तथा ऋण सहकारी संघका पुर्व उपाध्यक्ष एवम् जिल्ला बचत संघ मकवानपुरका निवर्तमान अध्यक्ष राधा सिन्तान लगायतको उपस्थिति रहेको थियो ।

# शिक्षकका लागि नेतृत्व विकास तालिम

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजना तथा नेपाल राष्ट्रिय शिक्षक संगठन हेटौंडा उपमहानगर समितिको व्यवस्थापनमा शिक्षकहरुलाई शैक्षिक गुणस्तरण अभिवृद्धि तालिम भएको छ । सोमबार संगठनका नगर अध्यक्ष गोपीरमण प्याकुरेलको सभाध्यक्ष तथा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो ।

तालिममा जिल्लाभित्रका २ सय ५० जना शिक्षकहरुको सहभागिता रहेको थियो। तालिममा प्रा. डा. तत्व तिमल्सिना र बागमती प्रदेशको योजना आयोगका सदस्य विज्ञ रामशरण प्याकुरेलले प्रशिक्षण दिनुभएको छ । शिक्षकहरुले समय अनुसारको सिकाई गर्ने तरिका र नेतृत्व गर्ने क्षमताको विकास गर्न तालिमले सहयोग पुग्ने संगठनका जिल्ला अध्यक्ष प्याकुरेलले बताउनुभयो । कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको विशेष आतिथ्यता रहेको थियो ।

## सच्याइएको

मिति २०८० चैत २६ गते सोमबारको अंकमा समृद्ध समाज दैनिकको चौथो पृष्ठमा प्रकाशित चण्डिका माविको शिक्षक आवश्यकतासम्बन्धी सूचनामा असावधानीबस केही त्रुटी हुन गएकोमा क्षमाप्रार्थी छौं । यसबाट विशेषगरी विद्यालयप्रति आमरुपमा भएको आलोचना सान्दर्भिक छैन। यसमा विद्यालयको कुनै किसिमको दोष नभई सूचनाको सेटिङ एवम् डिजाइनको क्रममा कमजोरी भएको स्पष्ट पार्न चाहान्छौं । साथै पुनः आज सच्याएर यो सूचना प्रकाशित गरिएको छ ।

**बजार शाखा ।**

## श्री चण्डिका माध्यमिक विद्यालय

मकवानपुरगढी-२, शिखरकटेरी, मकवानपुर

## शिक्षक आवश्यकता

*पहिलो पटक प्रकाशित मिति २०८०/१२/२५ गते*

प्रस्तुत बिषयमा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरको च.नं. १४३१ मिति २०८०/१२/२१ गतेको प्राप्त पदपुर्ति अनुमति र यस विद्यालय व्यवस्थापन समितिको २०८०/१२/२५ गते बसैको बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको माध्यकि तह गणित विषयको राहत अनुदान कोटामा एक (१) जना शिक्षक पदपुर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक नेपली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

१) विज्ञापन नं.- ०१/०८०/०८१
२) तह : मा.वि गणित (राहत अनुदान कोटा) ।
३) उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
४) न्युनतम शैक्षिक योग्यता:- वि.एड. (मुल विषय गणित) वा सो सरह ।
५) परीक्षाको किसिम :- लिखित, मौखिक र आवश्यक परेमा कक्षा अवलोकन ।
६) सेवा सुविधा :- नेपाल सरकारको नियमानुसार ।
७) दरखास्त दस्तुर :- रु. २,०००।-(दुई हजार रुपयौं मात्र) विद्यालयको नाममा रहेको नविल बैंक लि. को चल्ति खाता नं. २२१०१०१७५००२८२ मा रकम जम्मा गर्नुपर्नेछ ।
८) दरखास्त दिने मिति :- २०८०/१२/२५ गते देखी ०८१/०१/०९ गते सम्म ।
९) दरखास्त दिने स्थान :- श्री चण्डिका मा.वि मकवानपुरगढी २, शिखरकटेरी ।
१०) सम्पर्क मिति :- २०८१/०१/१० गते ।
११) परीक्षा मिति सम्पर्क मितिका दिन जानकारी गराईनेछ ।

**आवश्यक कागजातहरू :**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि ।
३. अध्यापन अनुमति पत्रको प्रतिलिपि ।
४. शिक्षण अनुभव प्रमाण पत्रको प्रतिलिपि ।
५. प्रतिलिपि थान २/२ प्रति, हस्तलिखित निवेदन, रकम जम्मा गरेको भौचर १ प्रति ।

**नोट**: शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा परेकाहरुको हकमा योग्यता क्रमको आधारमा विज्ञापन भएको मितिले ७ (सात) दिन सम्ममा मात्र नियुक्त गरिनेछ अन्यथा खुल्ला उमेद्वारीको लागि शिक्षा नियमावली बमोजिम प्रक्रिया पुरा गरी पदपुर्ति गरिनेछ ।

**सम्पर्क नं. :- ९८४५४६३००४ (प्रधानाध्यापक)**
**९८५५०७४९२५ (वि.व्य.स. अध्यक्ष)**

## अन्तर प्रदेश राष्ट्रिय खेलकुद

# हेटौंडामा पुरुष फुटबल प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा जारी अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत् हेटौंडामा पुरुष फुटबल प्रतियोगिता सुरु भएको छ। सोमबार सुरु भएको प्रतियोगिताको पहिलो खेलमा कोशी प्रदेशले विजयी सुरुवात गरेको हो।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा सुरु भएको पहिलो खेलमा मधेश प्रदेशलाई २-० गोल अन्तरले हराउँदै कोशी प्रदेशले विजयी सुरुवात गरेको छ। कोशी प्रदेशको तर्फबाट पहिलो हाफको ५ औं मिनेटमा एक गोल गर्दै वसन्त ओझाले सुरुवाती अग्रता दिलाए। कोशी प्रदेशकै तर्फबाट दोस्रो हाफको अन्तिम समयमा स्मृत तामाङले गरेको गोल निर्णायक गोल बन्यो। खेलको म्यान अफ द म्याच पहिलो गोलकर्ता वसन्त घोषित भएका छन्।

यस्तै, सोमबार नै भएको दोस्रो खेलमा सुदूरपश्चिम प्रदेश विजयी भएको छ। गण्डकी प्रदेशलाई टाइब्रेकरमा ३-१ गोल अन्तरले हराउँदै सुदूरपश्चिम प्रदेशले विजयी सुरुवात गरेको हो। निर्धारित समयमा २-२ गोलको बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो।

टाइब्रेकरमा दुबै पक्षबाट ५-५ जना खेलाडीले बल प्रहार गर्दा सुदूरपश्चिबाट ३ जनाले प्रहार गरेको बल गोलमा परिणत भएको थियो भने २ जनाले प्रहार गरेको बल गोलमा परिणत हुन सकेन। गण्डकी प्रदेशका ५ जना खेलाडीले बल प्रहार गर्दा एक जनाको प्रहारमात्र गोलमा परिणत भएको थियो।

प्रतियोगितामा ७ वटा प्रदेशको सहभागिता रहेको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताअन्तर्गत् मंगलबारको खेलमा लुम्बिनी प्रदेश र कर्णाली प्रदेशबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको फाइनल खेल बैशाख १ गते हुनेछ।

# मकवानपुरलाई पन्छाउँदै एपिएफ अन्तिम चारमा



*बल अघि बढाउने प्रयास गर्दै मकवानपुरका खेलाडी।*

समाज संवाददाता

सिमराः सशस्त्र प्रहरीको नेपाल एपिएफ क्लब सिमरामा जारी जगदम्बा स्टिल १४ औं जीतपुरसिमरा गोल्डकपको सेमीफाइनल प्रवेश गरको छ। सिमरा रङ्गशालामा सोमबार राती भएको दोश्रो क्वाटरफाइनलमा मकवानपुर-११ लाई २-० गोलअन्तरले पाखा लगाउँदै एपिएफले अन्तिम चारको यात्रा तय गरेको हो। एपिएफको जीतमा विके तामाङ र प्रदिप लामाले एक-एक गोल गरे।

मकवानपुरविरुद्ध शुरुदेखि नै आक्रामक खेल खेलेको एपिएफका लागि खेलको ३० औं मिनटमा विके तामाङ्गले गोल गर्दै अग्रता दिलाएका थिए। विश्वास उदासको क्रस बल सम्हाल्दै मकवानपुरका डिफेण्डर बिट गर्न सफल बिकेले पेनाल्टी एरियाबाट गरेको प्रहार गोलमा परिणत भएको थियो। पहिलो हाफ आफ्नो पक्षमा पार्न सफल एपिएफले खेलको ६८ औं मिनेटमा अग्रता दोब्बर बनायो। एपिएफका प्रदिप लामाले गोल गर्दै टिमको अग्रता दोब्बर पारे। सुमन श्रेष्ठले प्रहार गरेको कर्नर बललाई डिबक्स भित्र सम्हाल्दै लामाले आकर्षक गोल गरेका थिए।

दोश्रो हाफमा एपिएएफ विरुद्ध केहि राम्रा अवसर बनाएर पनि फिनिसिङमा चुक्दा मकवानपुरको टोली प्रतियोगिताबाट बाहिरिन बाध्य भयो। एपिएफका गोलरक्षक एन्जल श्रेष्ठले मकवानपुरका उत्कृष्ट प्रहारहरु विफल पारेका थिए। म्यान अफ दि म्याच एपिएफका गोलरक्षक एन्जल श्रेष्ठ घोषित भए। उनले १० हजार नगद र ट्रफि प्राप्त गरे। म्यान अफ दि म्याच श्रेष्ठलाई आन्तरिक राजश्व कार्यालय सिमराका प्रमुख कर अधिकृत राजकुमार खतिवडा र शुभारम्भ कलेज अफ म्यानेज्मेन्टका अध्यक्ष लालप्रसाद पुडासैनीले पुरस्कार वितरण गरेका थिए।

प्रतियोगिता अन्तर्गत मंगलबार दुई 'ए' डिभिजन टोली त्रिभूवन आर्मी र मच्छिन्द्र फुटबल क्लबबिच प्रतिस्पर्धा हुनेछ। बीरगञ्जलाई हराउँदै क्वाटरफाइनल यात्रा तय गरेको आर्मी विरुद्ध बिराट गोल्डकपको उपाधि लिएर बिराटनगरबाट सिमरा आएको मच्छिन्द्र क्लबसिधै सेमीफाइनल प्रवेशका लागि खेल्नेछ।

# एमाले विभेद अन्त्य गर्ने पार्टी होः मन्त्री श्रेष्ठ

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारको खानेपानी, उर्जा तथा सिचाई मन्त्री एका लाल श्रेष्ठले नेकपा एमाले सबै किसिमको विभेदको अन्त्य गर्ने पार्टी भएको बताउनुभएको छ। सोमबार पार्टी निकट नेपाल उत्पीडित जातीय मुक्ति समाज मकवानपुरको आठौं जिल्ला सम्मेलनलाई सम्बोधन गर्नुहुँदै उहाँले समाजमा कुनै पनि विभेद रहनुहुन्न भन्ने तहमा एमाले पुगेर काम गरिरहेको बताउनुभयो।



समाजमा अहिले पनि रहेको विभेदको अन्त्य गर्न सामुदायिक र राजनीतिक लडाइ गर्नुपर्ने आवश्यकता रहेको बताउनुहुँदै उहाँले अभिभावकको रुपमा एमाले रहेको बताउनुभयो। नेकपा एमालेले नै दलित र महिलाहरुलाई साथमा लिएर अगाडि बढिरहेको उहाँको भनाई छ। अहिले दलितहरुमा हुने विभेदका कारण गरिबी रहेको बताउनुहुँदै उहाँले यसको अन्त्य गर्न शिक्षामा ध्यान दिनुपर्ने बताउनुभयो। यसका लागि राज्यले विशेष ध्यान दिनुपर्ने उहाँको भनाई छ।

यस्तै नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय अध्यक्ष मनोहर विश्वकर्माले देशमा अहिले रहेको व्यवस्था परिवर्तन भए पनि केही विभेदहरु नहटेको बताउनुभएको छ। समाज अहिले पनि जातीय विभेद र छुवाछुतको समस्या भोग्नुपरेको अवस्था रहेको उहाँले बताउनुभयो। यसलाई चिर्न संगठित भएर लाग्न आवश्यक रहेको उहाँको भनाई छ। समाज र व्यवस्था परिवर्तनमा अहिले उत्पीडनमा परेको जातिहरुको पनि भूमिका रहेको उहाँले बताउनुभयो। उहाँले सबै किसिमको विभेदको अन्त्य गर्न एमाले लागिरहेको पनि बताउनुभयो।

संघका मकवानपुर अध्यक्ष गोविन्द विश्वकर्माको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय पोलिटब्युरो सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज देवी ज्ञवाली, पार्टी मकवानपुरका उपसचिव एवम् जनसंगठन विभाग प्रमुख हिदम लामा, समाजका मकवानपुर जिल्ला इन्चार्ज नारायण रिजाल लगायतको उपस्थिति रहेको थियो।

# थिङ मृत फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-७, मनहरी बजारमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा राक्सिराङ गाउँपालिका-२, निङराङका ५१ वर्षीय डिल बहादुर थिङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

आइतबार बिहान ७ बजेर ३० मिनेटको समयमा थिङ शिव मन्दिरको भजनकीर्तन गर्ने कोठाभित्र सुतिरहेको अवस्थामा मृत फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल हेटौँडा पठाइएको प्रहरीले जानकारी दिएको छ।

# अवैध कुखुराको चल्ला बरामद

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट प्रहरीले अवैध कुखुराको चल्ला नियन्त्रणमा लिएको छ। आइतबार बिहान ९ बजेर ३० मिनेटको समयमा बीरगंजबाट हेटौँडा आउँदै गरेको ग १ ख ५८९६ नम्बरको बसलाई रोकी सुरक्षाजाँच गर्दा बसको डिक्किमा भेटेरिनरी नभएको र अनलाईन बिल-बिजक नभएको कुखुराका चल्लाहरु बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

बसबाट प्रहरीले २ सय वटा कुखुराका चल्लाहरु फेला परेको थियो। चल्लाहरु कानुन बिपरित देखिन आएकोले आइतबार साँझ ६ बजेर ४० मिनेटको समयमा पशु सेवा कार्यालय मकवानपुरमा बुझाई नष्ट गरिएको र बस गन्तव्यतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ।

# तामाङ मृत फेला

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२७, सिसवारमा एकजना बालक मृत फेला परेका छन्। मृत फेला पर्नेमा भरतपुर महानगरपालिका-१५ बस्ने १२ वर्षीय सौगात तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

तामाङ शुक्रबार दिउँसो १ बजेको समयमा भरतपुर महानगरपालिका-१६, सानोगढीस्थित नारायणी नदिमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएकोमा आइतबार बिहान ९ बजेको समयमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com



**विद्यालय पुग्यो पाठ्यपुस्तक**ः हेटौँडा उपमहानगरपालिका-१३ पदमपोखरीस्थित महेन्द्र माविमा नयाँ शैक्षिकसत्रका लागि विद्यार्थीलाई वितरण गर्न तयारी अवस्थामा राखिएको पाठ्यपुस्तक। नयाँ शैक्षिक सत्र सुरु हुनै लाग्दा विद्यालयले पाठ्यपुस्तक लगिसकेका छन्।

# मगरको घरमा आगलागी हुँदा २३ लाख बराबरको क्षति

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-३, खहरेमा हरी बहादुर राना मगरको घरमा विद्युतको लाइन सर्ट भई आगलागी हुँदा २३ लाख बराबरको क्षति भएको छ। मगरको जस्ताले छाएको ढुङ्गा, माटोले बनेको दुई कोठे दुई तले कच्ची घरमा सोमबार आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

आगलागीबाट घर पूर्णरुपमा जलेर नष्ट भएको र घर नजिकै रहेको जस्ताले छाएको कच्चि गोठ आंशिक रुपमा क्षति भएको छ। आगलागीबाट घर भित्र रहेको ४ लाख ७० हजार रुपैयाँ जली नष्ट भएको र घर, गोठ पूर्ण रुपमा नष्ट हुँदा २२ लाख ८९ हजार ५ सय बराबर क्षति भएको थियो।

आगलागीबाट मानवीय चौपाया क्षति नभएको प्रहरी र स्थानीयको उपस्थितिमा आगो पूर्णरुपमा नियन्त्रणमा लिइएको प्रहरीले जानकारी दिएको छ।

# मुक्ति समाजमा पुनः विश्वकर्मा

समाज संवाददाता

हेटौँडाः नेपाल उत्पीडित जातीय मुक्ति समाज मकवानपुरको अध्यक्षमा पुनः गोविन्द विश्वकर्मा चयन हुनुभएको छ। सोमबार सम्पन्न आठौं जिल्ला सम्मेलनबाट विश्वकर्मा अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो।

विश्वकर्माको अध्यक्षतामा ३३ सदस्यीय जिल्ला कमिटी चयन भएको छ। कमिटीको उपाध्यक्षमा सीताराम सुनार र पदम विकल चयन हुनुभएको छ। यस्तै सचिवमा सुहन विश्वकर्मा, कोषाध्यक्षमा ठाकुर कालिराज र उपसचिवमा सरु विश्वकर्मा र उषा नेपाली चयन हुनुभएको छ। नयाँ कमिटीको कार्यकाल ३ वर्षको हुनेछ।

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL





समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ